कञ्चन गाउँपालिका
Kanchan Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
# Office Of The Rural Municipal Executive

कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref No :- ०८०/०८१
चलानी नं./Dispatch No.:-

प्रथम पटक प्रकाशित मिति : २०८०/०५/०७

**विषयः किसान सूचिकरणका लागि सहजकर्ता नियुक्ति सम्बन्धी सूचना ।**

यस गाउँपालिकाको आ.ब. ०८०/०८१ मा वार्षिक स्वीकृत संघिय सशर्त अनुदानबाट प्राप्त किसान सूचिकरण कार्यक्रम अन्तर्गत किसान परिवारको व्यक्तिगत विवरण तथा तथ्याङ्क संकलनको लागि तपसिलको पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुको लागि यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र कञ्चन गाउँपालिकाको कार्यालयमा दरखास्त पेस गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं. | विज्ञापन नं. | सेवा/समूह/पद | माग पद संख्या | दरखास्त दस्तुर | कै |
|---|---|---|---|---|---|
| १ | १/२०८०/०८१ | किसान सूचिकरणका सहजकर्ता (गणक) | ५ | रु ३००।- | |

१. योग्यता र अनुभव
   क. न्यूनतम शैक्षिक योग्यता : माध्यामिक तह (कक्षा १२) वा सो सरह उत्तिर्ण ।
   ख. एन्ड्रोइड मोबाइल/स्मार्ट फोन/ट्यावलेट वा ल्यापटप भएको र चलाउन जान्ने ।
   ग. उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
   घ. कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।
   ङ. यस अगाडी किसान सुचिकरणमा गणकमा कार्य अनुभव भएकालाई प्राथमिकता दिईने छ ।
२. परीक्षाको किसिम : प्रारंभिक योग्यता सूचि प्रकाशन,प्रयोगात्मक र अन्तर्वाता ।
३. परीक्षाको मिति, समय र स्थान : सम्पर्क मितिमा तोकिनेछ।
४. दरखास्त बुझाउने अन्तिम मिति र स्थान : २०८०/०५/२१ गते कार्यालय समय भित्र कञ्चन गाउँपालिकाको कार्यालय कञ्चन-२ बेउरी रुपन्देही ।
५. आवेदन दस्तुर बुझाउने स्थान : कञ्चन गाउँपालिका ।
६. दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरु
   क. आवेदन फारम ।
   ख. आवेदन दस्तुर तिरेको रसिद ।
   ग. नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपी ।
   घ. पासपोर्ट साइजको फोटो-३ ।
   ङ. कुनै तालिम तथा अनुभव लिएको भए सोको प्रमाण-पत्रको प्रतिलिपी
७. काम गर्नुपर्ने स्थान : कञ्चन गाउँपालिका क्षेत्र भित्र तोकिएको वडा ।
८. सेवा सुविधा : किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम प्रति घर परिवारको लागत संकलन गरे वापत रु ७५।- का दरले ।
९. यस बाहेक अन्य कुरा प्रचलित कानुन अनुसार हुनेछ ।

............
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

सागर गौतम